# हरित अर्थतन्त्रका लागि अनुसन्धान

■ अभियान संवाददाता

असार १०, ललितपुर । गोदावरीमा सोमवार सम्पन्न दुईदिने 'हरित अर्थतन्त्रमा दक्षिण एशियाली परामर्श'कार्यशालाले हरित अर्थतन्त्रको प्रवर्द्धनका लागि विभिन्न चार क्षेत्रमा अनुसन्धान गर्ने निर्णय गरेको छ । दक्षिण एशियाली मुलुक, दक्षिण कोरिया र क्यानडाका विकास तथा अर्थतन्त्रविज्ञहरूको सो भेलाले कृषि तथा वन, पर्यटन, ऊर्जा र पूर्वाधार तथा यातायातका क्षेत्रमा 'हरित अवधारणा'को कार्यान्वयनका लागि आवश्यक विषयहरूमा अनुसन्धान गर्ने भएको हो ।




अन्तरराष्ट्रिय विकास अनुसन्धान केन्द्र (आईडीआरसी)को सहयोगमा साउथ एशिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड इन्भायरोन्मेण्ट (सावती)ले आयोजना गरेको सम्मेलनमा दक्षिण एशियामा हरित रोजगारी सृजना गर्ने, त्यसका लागि प्रविधि हस्तान्तरण, लगानीलगायत विषयमा छलफल भएको थियो । कार्यक्रममा बोल्दै सावतीका प्रमुख कार्यकारी निर्देशक डा. रत्नाकर अधिकारीले प्रविधि हस्तान्तरणका लागि दक्षिण-दक्षिणबीच सहकार्य हुनुपर्नेमा जोड दिए । तर, प्रविधि भित्र्याउनुअघि मानव संसाधनको क्षमता अभिवृद्धि, प्रविधिको दिगोपनलगायत कुरामा ध्यान दिनुपर्ने उनको राय थियो । वातावरणमा सुधार ल्याउनका लागि स्थानीय समुदाय तथा संस्थाहरूले अपनाएका प्रविधि तथा ज्ञानमा विश्वास गर्नुपर्ने हेल्भेटास स्वीस कोअपरेशनका नेपाल उपनिर्देशक डा. भरतकुमार पोखरेलले बताए । क्लाइमेट एक्सन नेटवर्क साउथ एशियाका तीर्थाङ्कर मण्डलले हरित अर्थतन्त्रका लागि सरकारी हस्तक्षेप र निजी लगानी उत्तिकै महत्त्वपूर्ण भएको धारणा व्यक्त गरे । आईडीआरसी क्यानडाका वरिष्ठ कार्यक्रम विज्ञ डा. एडगार्ड रोडरिग्वेजले आर्थिक वृद्धि हरित र समावेशी हुनुपर्ने बताएका थिए ।